# नेपाल पत्रकार महासंघ

## जिल्ला शाखा, बाँके

पत्र संख्या नं. :
चलानी नं.:

मिति: २०८३-०५-०१ गते


अध्यक्ष
नवीन गिरी

उपाध्यक्ष
रेजिना मल्ल
तिलक गाउँले
करुणा शाह

सचिव
कृष्ण ओली

सह-सचिव
रविन्द्र सिंह ठकुरी
भगतराम थारु

कोषाध्यक्ष
सुनिल रेग्मी

सदस्यहरु
समिरमान श्रेष्ठ
कृष्णराज अधिकारी
धना विष्ट के.सी.
सावित्री विश्वकर्मा
रविन्द्र घिमिरे
शम्भुप्रसाद थारु
सजनकुमार आरसी
पहलबहादुर केसी
यदुराज मिश्र
रजनीकुमारी योगी
आशा परियार
निर्मला चौधरी
सलामत अलि शेष

सल्लाहकार
दामोदर भण्डारी
प्रदिप वाग्ले


# प्रेस विज्ञप्ति

नेपाल पत्रकार महासंघ बाँके शाखाको कार्यसमिति बैठक २०८३ साउन ३१ गते आइतबारका दिन बाँके शाखाको कार्यालयमा शाखाका अध्यक्ष श्री नवीन गिरीको अध्यक्षतामा बसी निम्न अनुसार निर्णयहरू गरिएको छ।

**निर्णयहरू:**

१. नेपाल पत्रकार महासंघ, बाँके शाखालाई नेपालगन्ज उपमहानगरपालिकाबाट भोगाधिकार उपलब्ध गराइएको, हाल नेपालगन्ज उपमहानगरपालिका वडा नं. ४ स्थित क्षेत्रफल २ (दुई) कट्ठा १४.५ (साढे चौध) धुर जग्गामा महासंघको कार्यालय भवन निर्माण भई हाल संस्थाको कार्यालय सञ्चालनमा रहेको तथा उक्त जग्गा महासंघको संस्थागत प्रयोजनका लागि निरन्तर आवश्यक रहेको हुँदा, प्रचलित कानून तथा सरकारी जग्गा दर्ता, उपयोग तथा लिजमा उपलब्ध गराउने सम्बन्धी कार्यनीति, २०७९ बमोजिम उक्त जग्गाको भोगाधिकारलाई लिजमा परिणत गरी नेपाल पत्रकार महासंघ, बाँकेको नाममा लिज उपलब्ध गराउनका लागि माग गर्ने आवश्यक प्रक्रिया अघि बढाउने निर्णय गरिएको छ।

२. हिन्दु महिलाहरूको महान् चाड हरितालिका (तीज) को अवसरमा यही भदौ २१ गते आइतबारका दिन 'तीज मिलन' (पत्रकार महिलाहरूलाई दर खुवाउने) तथा पत्रकार महिलाहरूकै बीचमा 'तीज विशेष कविता' प्रतियोगिता आयोजना गर्ने र त्यसको तयारी तथा व्यवस्थापनको जिम्मा महिला विभागलाई दिने निर्णय गरिएको छ।

३. नेपाल पत्रकार महासंघ बाँके शाखामा आवद्ध साधारण सदस्यहरूको सदस्यता नवीकरणको समयावधि यही भदौ १५ गतेसम्म थप गर्ने निर्णय गरिएको छ।

४. नेपाल पत्रकार महासंघ बाँकेका पूर्व सभापति एवम् प्रेस स्वतन्त्रता सेनानी स्वर्गीय पन्नालाल गुप्ताको ९८औँ जन्मजयन्तिको अवसरमा यही भदौ २७ गते शनिबार निःशुल्क 'स्वास्थ्य जाँच शिविर' आयोजना गर्ने निर्णय गरिएको छ।

कृष्ण ओली
सचिव


कार्यालयः नेपालगन्ज उपमहानगरपालिका-४, सञ्चारग्राम (बसपार्क) फोन नं.: ०८१-५२६५७७ E-mail: fnjbankebranch@gmail.com